निश्चय नै, सबैभन्दा ठूलो जिहादहरूमध्ये अत्याचारी शासकको सामु न्यायपूर्ण वचन बोल्नु एक हो।

अबू-सईद अल्-खुदरी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "निश्चय नै, सबैभन्दा ठूलो जिहादहरूमध्ये अत्याचारी शासकको सामु न्यायपूर्ण वचन बोल्नु एक हो।" [حسن لغيره] [अबू दाउद, तिर्मीजी, इब्ने माजह र अहमदले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले बताउनुभएको छ कि एक क्रूर र दमनकारी शासक वा हाकिमको अगाडि न्याय र सत्य बोल्नु, अल्लाहको मार्गमा गरिने सबैभन्दा ठूलो र लाभदायक जिहाद मध्ये एक हो। किनकि, यसमा सत्कर्मको आदेश दिने र दुष्कर्मबाट रोक्ने कार्य समावेश हुन्छ; चाहे त्यो वचनद्वारा होस्, कलमद्वारा होस्, कर्मद्वारा होस् वा अन्य कुनै माध्यमबाट, जसबाट लाभ प्राप्त हुन्छ र दुष्टताबाट बच्न सकिन्छ।

https://www.sunnah.global/hadeeth/ne/show/3045